



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ असार १२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 26 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९७

## पर्सामा विपद् व्यवस्थापनसम्बन्धी तयारी तीव्र

राधेश्याम पटेल, परवानीपुर, ११ असार/

मौसम विज्ञहरूले यस वर्ष मनसुनी वर्षा अत्यधिक हुने भएकोले विपद् दल तयार अवस्थामा रहनुपर्ने केन्द्र सरकारको निर्देशन छ। त्यसै कारण सबै जिल्लामा विपद् व्यवस्थापनसम्बन्धी तयारी तीव्र पारिएको छ।

शुक्रवार वीरगंजस्थित सशस्त्र प्रहरी बल १३ नं गण चिनीमिल पर्साले वर्षात्को समयमा आइपर्ने विपद्लाई व्यवस्थापन गर्न बाढीपीडित उद्धार कार्यको अनुशिक्षण अभ्यास गरेको छ।

पर्साको तिलावे खोलामा बाढी आउँदा वीरगंज–१७ अलौं गाउँ डुबानमा पर्दा गाउँलेलाई डुङ्गा र डोरीको सहाराले तालीमप्राप्त सुरक्षाकर्मीले कसरी बचाउन सकिन्छ भन्ने अभ्यास गरी देखाएका थिए। सशस्त्र प्रहरी बलले चितवनको कुरिनटारमा बाढी, डुबान तथा कटानमा फसेकालाई उद्धार गर्न जनशक्ति उत्पादन गर्दै आएको र सशस्त्र प्रहरीको ऐन २०५८ को परिच्छेद २ अनुसार नेपालमा आइपर्ने विपद्मा अग्रपङ्क्तिमा सशस्त्र प्रहरीले नै जिम्मेवारी निर्वाह गर्नुपर्ने व्यवस्था रहेकोले अन्य सुरक्षा निकायभन्दा सशस्त्र प्रहरी बढी तयारी अवस्था रहनुपर्छ।



तस्वीरः प्रतीक

उद्धार अभ्यास कार्यक्रमको समापन सत्रमा कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले जनप्रतिनिधिहरू विपद्को समयमा उद्धारका लागि तयारी अवस्थामा बस्न अनुरोध गरे। उनले वीरगंजमा श्रीसिया र भेडाहा खोलाका कारण दर्जनौं गाउँ डुबानमा पर्दा समस्या उत्पन्न हुने गरेको बताए। उनले करीब रु २५ करोड खर्च गरी भेडाहा खोलामा बाँध निर्माण भएपनि जोखिम रहेकोतर्फ औंल्याए। उनले पन्ध्र वर्ष पहिलेकै अवस्थामा श्रीसिया खोलाको गहिराइ र चौडाइ फर्काउन खोला आसपास भएका अतिक्रमण हटाउन आवश्यक रहेको बताए। नत्र कम चौडाइमा बग्ने पानीले ब्याक फायर गरी बस्ती र टोल डुबानमा पार्ने बताए।

पर्साका प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले सरकारले विपद्को समयमा कमभन्दा कम जनधनको क्षतिको लागि जिल्ला तथा पालिका स्तरमा विपद् व्यवस्थापन समिति पूर्वतयारी अवस्थामा रहेकोले विपद् आइपरेमा लड्न सकिने बताए। उनले विपद्को समयमा कसको के जिम्मेवारीबारे स्पष्ट व्यवस्था रहेकाले अहिलेदेखि नै तयारी अवस्थामा रहन निर्देशन दिए।

सशस्त्र प्रहरी पर्साका प्रहरी उपरीक्षक राजेन्द्र खड्काले विपद् बाजा बजाएर नआउने भएकोले अहिलेदेखि नै तयारी थालेको र आगामी दिनमा पर्साका विभिन्न युनिटलाई तालीम दिएर पूर्वतयारी अवस्थामा राखिएको बताए

## ठोरी गापाद्वारा सगरमाथा आरोही सम्मानित

प्रस, ठोरी, ११ असार/

पर्सा जिल्लाबाट पहिलोपटक सगरमाथा आरोहण गरेका ठोरीका हरेराम खड्का र स्ट्यान्डअप कमेडी गरेर विश्व कीर्तिमान राख्ने उमेशकुमार गौतमलाई ठोरी गाउँपालिकाले शुक्रवार सम्मान गरेको छ।



सगरमाथा आरोहण गरेका खड्कालाई सम्मानित गर्दै गापा अध्यक्ष श्रेष्ठ। तस्वीरः प्रतीक

हिमाल आरोहण र कलाकारिताको क्षेत्रमा ठोरीको नाम राख्न सफल दुवै युवकलाई गापा कार्यालयले कार्यक्रमको आयोजना गरी सम्मान गरेको हो।

कार्यक्रममा गापा अध्यक्ष पद्मलाल श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठ, वडाध्यक्षहरू सूर्यबहादुर लामा, बईबहादुर तामाङ र रामबहादुर पाख्रिनले खाँदा र दोसल्ला ओढाएर दुवैजनालाई सम्मान गरेका थिए। सो अवसरमा सगरमाथा आरोही खड्कालाई ठोरी गापाले रु २ लाखको चेक हस्तान्तरण गरिएको थियो।

कार्यक्रममा बोल्दै गापा अध्यक्ष श्रेष्ठले दुवै युवकले ठोरीको नाम उच्च राखेकोमा प्रशंसा गरे।

यसैगरी, कार्यक्रममा खड्काले विविध समस्या र चुनौतीका बावजूद सगरमाथा आरोहण गर्न सफल भएकोमा गर्व महसूस भएको बताउँदै ठोरी गापाको नाम अङ्कित ब्यानर फहराएको तस्वीरसहितको मायाको चिनो गापा अध्यक्ष श्रेष्ठलाई हस्तान्तरण गरेका थिए। विश्व कीर्तिमान राख्ने गौतमले ठोरी गापाले प्रतिभाको कदर गरेकोमा धन्यवाद दिए।

गापाका शिक्षा संयोजक भुपालकुमार जोशीले कार्यक्रमको सहजीकरण गरेका थिए।

## चारवटा नपाबाहेक सबै पालिकाको सभा सम्पन्न

प्रस, रौतहट, ११ असार/

जिल्लाका दशवटा नगरपालिका र दुईवटा गाउँपालिकाले हिजो बिहीवार नगर/गाउँ सभा सम्पन्न गरेका छन्।

माधवनारायण नगरपालिका, गुजरा नगरपालिका, फतुवा विजयपुर नगरपालिका, कटहरिया नगरपालिका, मौलापुर नगरपालिका, परोहा नगरपालिका, राजपुर नगरपालिका, ईशनाथ नगरपालिका, गौर नगरपालिका र चन्द्रपुर नगरपालिकाले पाँचौं नगरसभा सम्पन्न गरेका छन्।

यसैगरी, यमुनामाई गाउँपालिका र दुर्गाभगवती गाउँपालिकाले पनि बिहीवार नै गाउँसभा सम्पन्न गरे।

यसअघि राजदेवी नगरपालिका र गढीमाई नगरपालिकाले नगरसभा सम्पन्न गरिसकेका छन्। दुर्गाभगवती गाउँपालिकाले एक घर एक चपाकल, ८४० घरपरिवारलाई शौचालय निर्माण, आधारभूत विद्यालय पचरुखी र आधारभूत विद्यालय बडहर्वामा ६ कोठे भवन निर्माण, दलित आवास निर्माण जस्ता कार्यलाई बढी प्राथमिकता दिएको गाउँपालिका अध्यक्ष अरुण साहले बताए। अन्य भौतिक पूर्वाधार तथा विपत् व्यवस्थापनको लागि पनि बजेट विनियोजन भएको उनले बताए।

यसैगरी, यमुनामाई गाउँपालिकाले धूलोमुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य लिई बजेट विनियोजन गरेको गापा अध्यक्ष श्रीप्रसाद मुखियाले बताए।

मौलापुर नगरपालिकाले नगरका किसानले उन्नत जातको गाईभैंसी खरीदमा रु ५० हजार अनुदान दिने भएको छ। सो नगरपालिकाले नगरलाई दूधमा आत्मनिर्भर बनाउनका लागि किसानलाई गाईभैंसी खरीदमा अनुदान दिने निर्णय गरेको हो। कटहरिया नगरपालिकाका प्रमुख सियाराम कुशवाहले जनमुखी बजेट ल्याएको बताए। जिल्लाको चन्द्रपुर नगरपालिकाले बजेटमा सडक, सिंचाइ, खानेपानीलाई प्राथमिकता दिएको नगरप्रमुख रामचन्द्र चौधरीले जानकारी दिए।

बिहीवार जिल्लाका चारवटा स्थानीय पालिकाबाहेक सबैले नगर/गाउँ सभा गरी नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेका थिए।

जिल्लाका वृन्दावन, गरुडा, देवाही गोनाही र बौधीमाई नगरपालिकाले नगरसभा गर्न सकेका छैनन्।

गत वर्ष नगरसभा समयमा नगरेका कारण विभिन्न समस्या उत्पन्न भएको थियो। निर्वाचित जनप्रतिनिधिहरूको लागि यस वर्षको नगर/गाउँ सभा अन्तिम भएको कारणले समयमैं नगर/गाउँ सभा भएका हुन्।

### सिम्रौनगढमा सुरक्षाकर्मीद्वारा विपद् प्रतिकार्य अभ्यास



तस्वीरः रामेश्वर मेहता

प्रस, सिम्रौनगढ/

सिम्रौनगढ नगरपालिका–९ बसबसियास्थित प्रसिद्ध पर्यटकीय स्थल झरोखर पोखरी परिसरमा विपद् प्रतिकार्य अभ्याससम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

बाढीको बेलामा सर्वसाधारणलाई बचाउने उपायबारे नेपाली सेना, सशस्त्र र जनपद प्रहरीका जवानले अभ्यास गरेरदेखाएका थिए। सो क्रममा उनीहरूले मोटरबोट, ज्याकेट, ट्युब, बेलुन, केराको थम्बा, बोतल, गाग्रो, डोरीलगायतका सामग्रीबाट बाढीमा परेकालाई उद्धार गर्न सकिने विधिबारे अभ्यास गरेर देखाएका थिए।

उनीहरूले सो अवसरमा बाढीको बेलामा बचाउन प्रयोग हुने सामग्रीको पहिचान गरी जानकारी गराएका थिए। बाराका प्रमुख जिल्ला अधिकारी एवं विपद् व्यवस्थापन समिति, बाराका अध्यक्ष सुरेन्द्र पौडेलले बेलाबखत आइपर्ने दैवी प्रकोप, आगलागी महामारी लगायतका विपद्मा सुरक्षाका तीनवटै निकाय तयारी अवस्थामा रहने र अभ्यास पनि निरन्तर जारी रहने बताए।

सिम्रौनगढका नगरप्रमुख विजयशङ्कर यादवले पर्यटकीय स्थल झरोखर पोखरीमा गरिएको अभ्यासले बचाउ कार्यमा टेवा पुग्ने बताए। सो अवसरमा उनले हुलाकी सडक तामागढी–सिम्रौनगढ सडकखण्डका बासिन्दाहरूलाई मुआवजा पाउने वातावरण बनाइदिन प्रजिअसँग आग्रह गरे।

कार्यक्रममा निजगढ नपाका प्रमुख सुरेशकुमार खनाल, गढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र यादव, प्रहरी उपरीक्षक दीपेन्द्र शाही, सशस्त्र प्रउ रवीन्द्रराज कर्णजीत, नेपाली सेनाका सुरेन्द्र प्रताप, रेडक्रस बाराका उदय नेपाल, गैरसरकारी संस्थाका बृजमोहन कुशवाहालगायतको सहभागिता थियो।


## नारायणीमा दुईजना सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, ११ असार/

नारायणी अस्पतालमा दुईजना सङ्क्रमितको मृत्यु भएको छ। अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले शुक्रवार बाराका दुईजना सङ्क्रमितको मृत्यु भएको बताए।

आदर्श कोतवाल निवासी ७५ वर्षीय पुरुष र निजगढ नगरपालिका–१० का ७८ वर्षीय पुरुषको मृत्यु भएको उनले बताए। आदर्श कोतवालका पुरुष असार २ गते सङ्क्रमित भएपछि नारायणी अस्पतालमा ४ गते भर्ना भएको र आज बिहान १:१५ बजे निधन भएको डा सिंहले बताए।

यसैगरी, निजगढका पुरुष पनि असार २ गते सङ्क्रमित भएको र उनलाई ४ गते भर्ना गरिएकोमा आज बिहान पौने १२ बजे उनको मृत्यु भएको डा सिंहले जानकारी गराए।



नारायणी अस्पतालमा उपचार गराउँदै सङ्क्रमितहरू। तस्वीरः फाइल

## विचारसार र सूक्तिहरू

**कामसमान व्याधि छैन । मोहसमान बैरी हुँदैन । क्रोधसमान आगो हुँदैन र ज्ञानभन्दा टाढा सुख हुँदैन ।**

**– चाणक्य**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## मनपरी भाडा

**निषेधाज्ञाको फाइदा ग्रामीण रूटमा चल्ने सवारीसाधनहरूले उठाइरहेका छन् । जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रले सार्वजनिक सवारीसाधन सञ्चालनको निर्णय गरेको छैन । हाल जोरबिजोर प्रणाली अन्तर्गत निजी सवारीसाधन सञ्चालनको अनुमति दिएको भए तापनि पर्सामा वीरगंज महानगरदेखि ग्रामीण क्षेत्रमा समेत सार्वजनिक सवारीसाधन अटोरिक्शा सञ्चालनमा छन् । यसरी सञ्चालनमा रहेका अटोले जिल्लाका ग्रामीण क्षेत्रमा मनपरी भाडा असुलिरहेका छन् । जिल्लास्थित सरकारी कार्यालयहरू सञ्चालनमा आएपछि ग्रामीण क्षेत्रका सेवाग्राहीहरू अटोरिक्शा प्रयोग गरेर सदरमुकाम आउन बाध्य छन् । यही बाध्यताको गलत फाइदा अटो सञ्चालकहरूले लिइरहेका छन् । अटोले साबिकको भन्दा दोब्बर भाडा असुल्दै छन् । पोखरियादेखि वीरगंज पावरहाउस चोकसम्म सामान्य अवस्थामा एकजनाको ६० रुपैयाँ भाडा हो । तर अहिले निषेधाज्ञाको फाइदा उठाउँदै प्रतिव्यक्ति १२० रुपैयाँसम्म असुल गरिरहेका छन् । यसैगरी, पोखरिया–जानकी टोला, ठोरी–सुवर्णपुर, जीतपुर–रङ्गपुरलगायत ग्रामीण क्षेत्रमा चल्ने अटो सञ्चालकले यात्रु अनुसार मनमौजी भाडा असुलिरहेका छन् ।**

**निषेधाज्ञाको समय भए तापनि जिल्लाका ग्रामीण क्षेत्रसम्म पेट्रोल, डिजल सहजरूपमा पाइरहेका छन् । ब्याट्री चार्ज गर्न बिजुलीको दररेट पनि पुरानै छ । यात्रु कुरेर बस्नुपर्ने अवस्था छैन । सामान्य अवस्थामा भन्दा अहिलेको अवस्थामा अटोले थप आर्थिक लगानी गर्नुपरेको कुनै शीर्षक छैन, फेरि पनि सवारीको भाडा बढी किन ? यसको जवाफ न त पालिका सरकारले खोजेको छ, न त प्रहरी प्रशासनले नै । यात्रुले त सोधेर साध्य छैन । यसै त जिल्ला सदरमुकाम पुग्न विलम्ब भइसकेको हुन्छ । त्यसमा पनि अटोवालाहरू आपसमा सिन्डीकेट गरेर बढी भाडा असुलिरहेका हुन्छन् । यसो हुँदा यात्रु जुन अटोमा गए पनि भाडा बढी नै तिर्नुपर्छ । निजी सवारी जस्तै  साइकल, मोटरसाइकल सबैसँग हुँदैन । त्यसैले महँगो नै भाडा तिरेर भएपनि अटो प्रयोग गर्न सर्वसाधारणलाई बाध्यता छ । यसको अलावा ग्रामीण सडकमा चल्ने अटोहरूले क्षमताभन्दा बढी यात्रु कोच्ने गरेका छन् । यसो गर्दा सडक दुर्घटना निम्तिएका छन् । घटना पहिलो होइन । यसअघिको लकडाउनमा पनि ग्रामीण सडकमा चल्ने अटोहरूले बढी भाडा असुल्ने र क्षमताभन्दा बढी यात्रु कोच्ने गरेका थिए ।**

**आफ्नो क्षेत्रको सडकमा चल्ने सार्वजनिक सवारीसाधनको रूट तथा भाडा तोक्ने, व्यवस्थित गर्ने जिम्मेवारी पालिकाको हो । त्यसैगरी, पालिकाका बासिन्दाको समस्या एवं मर्का बुझेर समाधान गर्ने निकाय पनि स्थानीय पालिका हो । दुई वा दुईभन्दा बढी पालिकाको क्षेत्र भएर चल्ने सवारीसाधनहरूको अनुगमन जिल्ला प्रशासन कार्यालयले पनि गरिरहेको हुन्छ । ग्रामीण क्षेत्रका सडकहरूमा सुरक्षा निकायहरू प्रशस्तै छन् । सवारी भाडा वा अन्य कुनै पनि कुरामा ठगी गरिरहेको पाइएमा जुनसुकै सुरक्षा निकायले सोधपूछ, अनुसन्धान गर्न सक्छ । बाध्यताको फाइदा उठाउँदै बढी भाडा तिर्न यात्रुलाई बाध्य पार्नु वा सम्बन्धित निकायको इजाजतबेगर, विनाकारण अचाक्ली भाडा असुल गर्नु ठगी नै हो । यात्रु ठगी गर्ने सवारीसाधनमाथि कारबाई चलाउन सक्ने प्रशस्त आधारहरू छन् । फेरि पनि तैं चुप मै चुपको अवस्था किन ?**

# नेपाल-अङ्ग्रेज युद्ध र रौतहट

स्वान्तः सुखाय




सञ्जय मित्र
mitrasanjay41@gmail.com


**तत्कालीन कम्पनी सरकार र नेपाल सरकारबीच धेरै समयदेखि विवाद देखिएको रौतहटका ती २२ मौजा भनिएको ठाउँ अहिले कहाँ छन् ? यो पनि आफैंमा एउटा प्रश्न हो तर नेपाल–अङ्ग्रेज युद्धको समयमा रौतहटको भूभाग पनि विवादको एउटा पक्ष रहेको भने स्पष्ट देखिन आउँछ ।**

आजको नेपालको स्वरूप करीब नेपाल–अङ्ग्रेज युद्धपछि निर्धारण भएको हो । सन् १८१४ देखि सन् १८१६ सम्म नेपाल र अङ्ग्रेजबीच युद्ध भएको थियो ।

यस युद्धका विभिन्न कारण थिए । ती कारणमध्ये नेपाल र अङ्ग्रेजबीच सीमाको विवाद पनि थियो । सीमाको विवाद बुटलव, स्युराज र रौतहटमा अलि चर्को देखिएको थियो । भनिन्छ, यस युद्धको तत्कालीन कारण सीमा विवाद नै थियो ।

नेपालको आधुनिक इतिहास भन्ने पुस्तक (पृष्ठ २२१)मा डा तीर्थप्रसाद मिश्र लेख्छन्, "...बुटबल, स्युराज र रौतहटका केही क्षेत्रको विषयलाई लिएर सीमा विवादले उग्ररूप लियो ।"

हिमालखबर अनलाइनमा २०७१ कात्तिक १४ शुक्रवार प्रकाशित दिनकर नेपालको 'नेपाल–अङ्ग्रेज युद्धको दुई सय वर्ष : स्वार्थ र सनकको युद्ध' शीर्षक लेखमा लेखेका छन्, "...१ नोभेम्बर १८१४ मा इस्ट इन्डिया कम्पनीका तर्फबाट सचिव जे एडमले हस्ताक्षर गरेको युद्धको घोषणापत्रमा नेपाल सरकारद्वारा बुटवल, स्युराज र रौतहटमा अतिक्रमण भएको, कम्पनीप्रति अनादर गरेको र आपसी सद्भावको बेवास्ता भएको हुँदा युद्ध निर्विकल्प भएको उल्लेख छ ।"

रौतहटमा भनिएको सीमा विवाद कहिलेदेखि भएको थियो त ? यसको जरो केलाउने हो भने यस्तो देखिन आउँछ । "पृथ्वीनारायण शाहले मकवानपुर राज्यमाथि विजय प्राप्त गरेपछि यस राज्यको नियन्त्रणमा रहेको चुरे पहाडभन्दा तलको सम्पूर्ण भाग स्वत: मकवानपुरको हुन गएको थियो तर भारतीय अङ्ग्रेज पक्षले भने तराईको भूभाग आफ्नो रहेको दाबी गर्दै आएको थियो । विघटित मकवानपुर राज्यमा कार्यरत रहँदै आइरहेका पुराना कर्मचारी सुब्बा दिनानाथ उपाध्यायको सहयोगमा पुराना कागजपत्रहरूको छानबीन हुँदा मकवानपुर राज्यले बङ्गाल तथा बिहारका नवाब बजिरहरूलाई प्रत्येक वर्ष १४ हात अग्ला दुईवटा हात्ती मालवाजबी (नजराना वा उपहार)का रूपमा बुझाउने गरी उक्त प्रदेशहरू परम्परादेखि नै उपभोग गर्दै आइरहेको देखिन आएकाले यही जानकारी उच्चपदस्थ अङ्ग्रेज पदाधिकारीहरूलाई गराउँदा यस यथार्थलाई दुवै पक्षले स्वीकार गरी यसै अनुसार नेपाल सरकारलाई साबिक अनुसार नै प्रतिवर्ष १४ हात अग्ला दुईवटा हात्ती मालवाजबीका रूपमा बुझाउने शर्तमा कम्पनी सरकार उच्चपदस्थ अङ्ग्रेज पदाधिकारीहरूले मकवानपुर राज्यले उपभोग गर्दै आइरहेका तत्कालिक पर्सा, बारा तथा रौतहट जिल्लाका तराई क्षेत्रहरू नेपाल सरकारलाई नै भोगचलन गर्न छोडिदिएको थियो । रहँदाबस्दा उक्त नजराना पनि बुझाउन नपर्ने भएको थियो ।" भनी इतिहास शिरोमणि बाबुराम आचार्यको भीमसेन थापा उत्थान तथा पतन भन्ने पुस्तक (पृष्ठ १५४)मा उल्लेख गरिएको छ । तर यहाँ उल्लेख गरिएको जस्तो रहँदाबस्दा उक्त नजराना पनि बुझाउन नपर्ने भएको थियो भन्ने कुरा नेपाल पक्षलाई लागेको थियो र अङ्ग्रेज पक्षले यसलाई युद्धको एउटा कारणको रूपमा मानेको देखिएकोले अङ्ग्रेज पक्षले तिर्नुपर्ने भनिठानेको देखिन्छ ।

विवादित भूमिमा दुवै पक्षको दाबी रहिआएको थियो । "नेपाल अधिराज्यमा गाभिन आएका मकवानपुर, अम्बरपुर (चौदन्डी) तथा विजयपुर राज्यका भोगचलनमा रहँदै आएका तराई क्षेत्रहरू नेपाल अधिराज्यका नै अभिन्न अङ्ग हुन्" भन्ने त्यत्ति बेला पनि नेपाल सरकारको दाबी रहेको थियो । कम्पनी सरकार यस दाबीमा सहमत रहेको थिएन । "यी तराई क्षेत्रहरू बङ्गाल तथा बिहारका नवाब बजिरहरूबाट मकवानपुर तथा विजयपुर राज्यका राजाहरूले जमीनदारीका रूपमा भोगचलन गर्दै आइरहेको भारतीय भूभागहरू हुन्, यसैले नवाब बजिरहरूका उत्तराधिकारीको हैसियतले यथार्थमा यी भूभागहरू हाम्रा नै हुन्" भन्ने कम्पनी सरकारको सेवामा कार्यरत रहेका उच्चपदस्थ अङ्ग्रेजी पदाधिकारीहरूको भनाइ रहेको थियो (आचार्य, पृष्ठ १५३) ।

नेपाल र अङ्ग्रेजबीच तराई क्षेत्रका विवादग्रस्त सम्पूर्ण भूभाग (बुटवल, स्युराज, रौतहटसमेत)को सम्बन्धमा नेपाल सरकारसँग आवश्यक छलफल गरी समुचित समाधान निकाल्न भनी कम्पनी सरकारको तर्फबाट मेजर पी ब्राडसा खटिई पनि सकेका थिए । यसै प्रयोजनका निमित्त नेपाल सरकारको तर्फबाट टक्सारी चन्द्रशेखर उपाध्याय खटिएका थिए । भारतभूमिको बेतियामा बसी दुई पक्षबीचमा आवश्यक छलफलहरू गर्ने निर्णय भएको थियो (आचार्य, पृ. १५५) । तर दुवै पक्षबीच वार्ता शुरू नहुँदै युद्धको वातावरण बनिसकेको थियो । टक्सारी चन्द्रशेखर उपाध्याय यत्तिकै फर्केर आई रौतहटमा त्यहाँका प्रमुख प्रशासकका रूपमा कार्यरत रहेका 'सरदार' परशुराम थापाका साथमा रहन थाले (आचार्य, पृ. १६३) ।

यसअघि पनि समस्याको समाधानको लागि प्रयास गरिएको उल्लेख पाइन्छ । इतिहास शिरोमणि आचार्यको यही पुस्तकमा परिशिष्टमा यसरी लेखिएको छ– "रौतहट क्षेत्रका विवादग्रस्त २२ वटा मौजाको सम्बन्धमा आवश्यक छानबीन गरी अन्तिम निर्णय गर्न भनी गएका राजगुरु रङ्गनाथ पण्डितले वार्तास्थलबाटै नेपाल सरकारलाई पत्र लेखे– विसं १८६८ फाल्गुण कृष्ण द्वादशी रोज २ (माघ ३० गते, तदनुसार १८ फरवरी इ.सं. १८१२) ।" (आचार्य, परिशिष्ट)

रौतहटको २२ मौजाको विषयमा पहिले पनि विवाद भएको र बल प्रयोग भएको पाइन्छ । बल प्रयोग दुवैतिरबाट भएको देखिन्छ । इतिहासशिरोमणि बाबुराम आचार्यको भीमसेन थापा पतन र उत्थानको पृष्ठ १४९ मा यस सम्बन्धमा लेखिएको कुरो जस्ताको तस्तै–

"...भारतीय भूमिको बेतिया क्षेत्रका राजा वा जमीनदार वीरकिशोर सिंहले तात्कालिक रौतहट जिल्लामा रहेका नेपाल अधिराज्यका २२ वटा मौजाको सम्बन्धमा अनावश्यकरूपमा विवाद सिर्जना गराइदिएका थिए । कम्पनी सरकारको सेवामा कार्यरत रहेका उच्चपदस्थ अङ्ग्रेज पदाधिकारीहरूबाट सहयोग प्राप्त गरी यी मौजाहरू परम्परादेखि नै मैले भोगचलन गर्दै आइरहेको र मेरो अधिकार क्षेत्रभित्र पर्छन् भनी विसं १८६७ को हिउँदमा ती मौजाहरूमाथि उनले बलपूर्वक नै आफ्नो नियन्त्रण स्थापित गराइदिएका थिए ।

यतिमात्र होइन, यिनको यस अनधिकृत हस्तक्षेपको प्रतिकार गर्न भनी गएका नेपाली पक्षका स्थानीय सुब्बा लक्ष्मण गिरीलाई यिनका लठैतहरूले पक्रेर नृशंसतापूर्वक मारिदिएका थिए । राजगुरु रङ्गनाथ पण्डितका भाइ कृष्ण पण्डित यिनताका नेपाल सरकारको तर्फबाट वकिल अर्थात् राजदूतका रूपमा कम्पनी सरकारको तात्कालिक राजधानी कलकत्ता शहरमा बस्ने गरेका थिए । यिनले यस अप्रिय घटनाको सम्बन्धमा अङ्ग्रेज गभर्नर जनरल मिन्टोलाई जानकारी गराउँदा उनले यस घटनालाई एउटा सामान्य घटनाका रूपमा लिई यस क्षेत्रीय घटनाप्रति खास चासो नै देखाएका थिएनन् । तर नेपाली पक्षले भने सुब्बा लक्ष्मण गिरीको बर्बरतापूर्वक गरिएको हत्यालाई असामान्य घटनाका रूपमा लिई आफ्ना लडाका सैनिकहरूलाई पठाएर उपर्युक्त २२ वटा मौजालाई फेरि पनि आफ्नै नियन्त्रणमा लिएको थियो ।

तैपनि उपर्युक्त २२ वटा मौजाहरूसम्बन्धी विवाद अन्तिम रूपमा नै सुल्झिसकेको थिएन । कम्पनी सरकारको सेवामा कार्यरत रहेका अङ्ग्रेज पदाधिकारीहरूले विसं १८७० को हिउँदमा फेरि पनि उपर्युक्त मौजाहरूमा आएर त्यस क्षेत्रका मालपोत रकमहरू उठाउने असफल प्रयास गर्दा त्यस क्षेत्रमा कार्यरत रहेका नेपाली सैनिकहरूले उनीहरूलाई त्यसो गर्नबाट बलपूर्वक नै रोकिदिएको थिए ।"

तत्कालीन कम्पनी सरकार र नेपाल सरकारबीच धेरै समयदेखि विवाद देखिएको रौतहटका ती २२ मौजा भनिएको ठाउँ अहिले कहाँ छन् ? यो पनि आफैंमा एउटा प्रश्न हो तर नेपाल–अङ्ग्रेज युद्धको समयमा रौतहटको भूभाग पनि विवादको एउटा पक्ष रहेको भने स्पष्ट देखिन आउँछ ।

# सिराहाका १२ स्थानीय तहको बजेट पारित

लहान, ११ असार/रासस

सिराहाका १२ वटा स्थानीय तहले गाउँ तथा नगरसभामार्फत बजेट पारित गरेका छन् ।

पाँच स्थानीय तहको बजेट अन्योलमा परेको छ । यही असार १० गतेभित्र नगर तथा गाउँसभामार्फत नीति तथा कार्यक्रम पारित गर्नुपर्ने बाध्यात्मक अवस्थाका कारण बिहीवार अन्तिम दिन सिराहाका पाँच नगरपालिका र एक गाउँपालिकाले एकै दिन सभामार्फत बजेट पारित गरेका छन् ।

जिल्लाको लहान नगरपालिका, धनगढीमाई नगरपालिका, गोलबजार नगरपालिका, कर्जन्हा नगरपालिका, सिराहा नगरपालिका र अर्नमा गाउँपालिकाले बिहीवार एकै दिन नगर तथा गाउँ सभामार्फत आव २०७८/७९ को नीति, कार्यक्रम तथा बजेट पारित गरेका हुन् । बजेट पारित गरेका अधिकांश स्थानीय तहले पुरानै योजनालाई निरन्तरता दिंदै सडक पूर्वाधार, कृषि र शिक्षालगायतका क्षेत्रलाई प्राथमिकता दिएका छन् ।



सिरहा नगरपालिका कार्यालय । तस्वीर: सौजन्य

गोलबजार नगरपालिकाले रु ८१ करोड पाँच लाख ७५ हजार बराबरको बजेट पारित गरेको छ । सो नगरपालिकाले चालूतर्फ रु ४१ करोड २२ लाख ८८ हजार र पूँजीगततर्फ रु ३९ करोड ८१ लाख ७८ हजार बजेट विनियोजन गरेको नगर प्रवक्ता उमेश बरालले बताए ।

नगरसभा सम्पन्न गरेको सिराहा नगरपालिकाले आव २०७८/७९ का लागि रु ७९ करोड ४० लाख १८ हजार बजेट विनियोजन गरेको छ भने सुखीपुर नगरपालिकाले रु ४९ करोड ३३ लाख ६५ हजारको बजेट पारित गरेको जनाएको छ ।

त्यस्तै, मिर्चैया नगरपालिकाले रु ६८ करोड ४९ लाख ११ हजारको नीति, कार्यक्रम तथा बजेट पारित गरेको नगरप्रमुख श्रवणकुमार यादवले बताए । जिल्लाको कल्याणपुर नगरपालिकासहित औरही गाउँपालिका, लक्ष्मीपुर पतारी गाउँपालिका, नरहा गाउँपालिका र विष्णुपुर गाउँपालिकाले भने अझै सभा गर्न नसकेका छैनन् ।

## बलात्कारको आरोपमा युवक पक्राउ

प्रस, वीरगंज, ११ असार/

पसा प्रहरीले १५ वर्षीया बालिका बलात्कार गरेको आरोपमा एकजना युवकलाई पक्राउ गरेको छ ।

पर्सागढी नगरपालिका वडा नं ७ फूलवरिया बस्ने २० वर्षीय कृष्ण पटेललाई पक्राउ गरेको हो ।

सो नपाकै १५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा पटेललाई पक्राउ गरी जबरजस्ती करणी मुद्दामा पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ ।

पटेल र सोही पालिका वडा नं ६ बस्ने २० वर्षीय कमलेश सहनी बिहीवार राति साढे ९ बजे घरका सबै सदस्य सुतिरहेका अवस्थामा बालिकाको कोठामा प्रवेश गरी पटेलले बलात्कार गरेको र सहनीले सघाएको पीडित पक्षले प्रहरीमा दिएको किटानी जाहेरीको आधारमा पक्राउ गरेको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी गराए ।



तस्वीर सौजन्य: जिप्रका, पर्सा

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# तिब्बतमा ल्हासा–निङ्ची रेलवे सेवा शुरू

बेइजिङ, ११ असार/सिन्ह्वा

चीनको तिब्बतको राजधानी ल्हासा र तिब्बतकै पूर्वी शहर निङ्ची जोड्ने रेलवे सेवा शुक्रवार शुरू भएको छ।

चिनियाँ स्टेट रेलवे ग्रुपका अनुसार ल्हासादेखि निङ्ची जोड्ने यो रेलसेवा ४३५ किलोमिटरको छ। तिब्बती पठारमा निर्माण भएको यस पहिलो विद्युतीय रेल १६० प्रतिकिलोमिटर गतिमा गुड्न सक्ने व्यवस्था मिलाइएको छ।

चिनियाँ मुख्य भूभागमा तीव्र गतिका बुलेट ट्रेन चलिरहेको फुक्सिङ कम्पनीले नै पछिल्लो रेलसेवा शुरू गरेको छ। अब चीनका सबैजसो क्षेत्रमा फुक्सिङको सेवा विस्तार भएको छ। दक्षिणपूर्वी तिब्बतलाई जोड्ने यो ऐतिहासिक क्षण भएको चिनियाँ रेलसेवाले जनाएको छ।

यस तीव्र गतिको रेलमार्फत ल्हासाबाट यात्रीहरू शान्नान शहर ७० मिनेटमा पुग्न सक्नेछन् भनेर निङ्ची साढे तीन घण्टामा पुग्न सक्नेछन्। रेलमार्गको ९० प्रतिशतभन्दा बढी हिस्सा समुद्र सतहभन्दा तीन हजार मिटरमाथि रहेको छ। यो रेलमार्ग सन् २०१४ मा निर्माण शुरू भएको थियो भने सन् २०२० को अन्त्यसम्ममा ट्र्याक (लिक) बिछ्याउने कार्य सम्पन्न भएको थियो।

ल्हासा–निङ्ची रेलमार्ग हाल निर्माणाधीन सिचुवान–तिब्बत रेलमार्गकै हिस्सा हो। यो रेलमार्गले ल्हासालाई छिमेकी सिचुवान प्रान्तको राजधानी चेङ्दुलाई जोड्नेछ। साथै दक्षिणपश्चिम युनान प्रान्त र तिब्बत जोड्ने प्रस्तावित रेलमार्ग पनि यी रेलमार्गमा आबद्ध हुनेछन्। रासस

# राजनीतिक प्रणालीमा सुधार ल्याउन श्वेतपत्र

बेइजिङ, ११ असार/सिन्ह्वा

चीनले आफ्नो राजनीतिक प्रणालीलाई अझ परिस्कृत र विशिष्ट पहिचानसहितको बनाउन श्वेतपत्र सार्वजनिक गरेको छ।

चीनको राज्यपरिषद्ले शुक्रवार "चीनको राजनीतिक दलसम्बन्धी प्रणाली: सहयोग र परामर्श" नामको श्वेतपत्र सार्वजनिक गरेको हो।

श्वेतपत्रमा चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा बहुदलीय सहयोग र राजनीतिक परामर्श प्रणालीलाई थप मजबूत बनाइने तथा यसलाई चीनको राजनीतिक संरचनाको आधारभूत तथ्यका रूपमा अङ्गीकार गरिने उल्लेख छ। यस प्रणालीमा चिनियाँ कम्युनिस्ट पार्टीका अलावा देशमा अरू आठवटा राजनीतिक दल रहनेछन्, जसमा रिभोल्युसनरी कमिटी अफ चिनियाँ कुमिनताङ, चाइना डेमोक्रेटिक लिग, चाइना नेशनल डेमोक्रेटिक कन्स्ट्रक्शन एशोसिएशन, चाइना एशोसिएशन फर प्रमोटिङ डेमोक्रेसी, चाइनिज पिजेन्ट्स एन्ड वर्कर्स डेमोक्रेटिक पार्टी, चाइना झी गोङ पार्टी, जिसान सोसाइटी र ताइवान डेमोक्रेटिक सेल्फ–गभर्मेन्ट लिग रहेका छन्।

सिपिसीले यस प्रणाली मातहत कुनै पनि राजनीतिक दलमा आबद्ध नरहेका विशिष्ट व्यक्तिलाई पनि समेट्नेछ।

श्वेतपत्रमा चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)ले राज्यशक्तिको परिचालन गर्ने र अन्य दलहरूले सिपिसीको नेतृत्वमा बहुदलीय सहकार्यको प्रणाली निर्माण गर्ने उल्लेख छ।

चिनियाँ शैलीको नयाँ मोडेलको संज्ञा दिइएको पछिल्लो व्यवस्था अपनाउने सिलसिलामा अन्य मुलुकको सिकाइ र उनीहरूका राजनीतिक प्रणालीका उपलब्धिलाई आत्मसात् गरिएको श्वेतपत्रमा उल्लेख छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – रोगभय |
| मिथुन – व्यापारवृद्धि | कर्कट – शत्रुपराजय |
| सिंह – सुसमाचार | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – कान्तिक्षय |
| धनु – सुयश | मकर – खर्चवृद्धि |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## वर्गीकृत विज्ञापन




**Katahariya Municipaltiy**
**Office of municipal Executive**
**Katahariya, Rautahat**

## Invitation for opening of Price Bid

**Date of Publication :2078/03/12 (26 JUN 2021)**

In reference to the invitation for Bid notice Published on 14th May 2021 (2078-01-31) in the The Himalay Times daily newspaper, the following bidders have been selected as responsive bidders from the technical evaluation. The flowing Responsive bidders are thus invited to attend the price bid opening.

**Detail of Technical Evaluation**
**Invitation No. : NCB/04/KATMUN/2077/78**
**Name of the works : Construction of Katahariya Municipality Office Building.**

| SN | Name of Bidders | Responsive/ Non responsive | Remark |
|---|---|---|---|
| 1. | M/s Rabina/Nawa sirjanshil J/V | Responsive | |
| 2. | M/s Kaushil Basnet Nirman Sewa(P) Ltd. | Responsive | |
| 3 | M/s Kabindra/PM/Panchakanya JV | Responsive | |
| 4 | M/s Diwa-R.P JV | Responsive | |
| 5 | M/s Dhukuchhu Construction Co Pvt. Ltd | Responsive | |
| 6 | M/s Himdung & Thoker/Shah Nirman Sewa JV | Responsive | |
| 7 | M/s Bhumi Construction Pvt. Ltd | Responsive | |
| 8 | Khadka-Sagun JV | Responsive | |
| 9 | Chaudhary Construction | Responsive | |
| 10 | Dhulikhel-Axis Asian JV | Responsive | |

**Details of Price Bid Opening**
Date : 2078/03/20 ( 04July 2021)
Place : Katahariya Municipaltiy, Katahariya, Rautahat
**– Act. Chief Administrative Office**


# जामुनके गाछपर बिर्नी कटलखीय

### सरोकार



राजेश मिश्र

**विद्यालयबाट छुट्टी भएपछि सीधैं घर आउँथ्यौं। खाना खाएपछि जामुन टिप्न सीमानजीकको बगैंचामा पुग्थ्यौं। अरू गाउँका हामी जस्तै थुप्रै केटाकेटी पनि आउँथे। हावाहुरीले जामुन, आँप, अम्बा खस्यो भने लुँछाचुँडी हुन्थ्यो। हामीभन्दा ठूला दाइहरू रूखमा चढ्थे। पहिला आफू पेटभरि खान्थे।**

"जिउत के बेटा जामुन के गाछी पर से गिरल बा, बाँह टुटल बा, मुह फुलल बा।" जिउतको छोरा जामुनको रूखबाट खसेको छ। दायाँ हात भाँचेको छ। अनुहार फुलेको छ। यो विषय एकले अर्को गाउँलेलाई बताइरहेका थिए। असार मास जामुन, रूनी (अम्बा) तथा बडहर फुल्ने र फल्ने महीना हो। देहातमा केटाकेटीहरूको झुन्ड दिनभरि यी फल वृक्षहरूको वरिपरि रहन्छ। मौसमी फलको आनन्दसँगै बिर्नी (बारुलो) र हड्डा आदि परजीवीको टोकाइ तथा रूखबाट लड्ने, चोट लाग्ने र हातखुट्टा भाँचिनेलगायतका नमीठा घटनाहरू पनि घटिरहन्छन्।

अहिले वीरगंजमा एक पाउको सय रुपियाँमा बिक्री भइरहे जस्तै उहिले जामुन महँगो थिएन। उहिले जामुन प्रशस्त पाइन्थ्यो। त्यसैले देहातका केटाकेटीहरूको जिब्रो जतिखेर कालो नै रहन्थ्यो। बच्चाहरूको दिनचर्या प्रायः आँप, अम्बा, जामुन र बडहरको खोजीमा व्यतीत हुन्थ्यो। टिप्दै, खाँदै र खेल्दै बालबालिकाहरू खूब रमाउँथे। चकचके प्रकारका केटाहरू जोशपूर्ण लवजमा भन्थे, "हम गाछ पर चढ जाइँ ? चढ के देखा दीं ?" यो सुनेपछि अन्य बालबालिकाहरू हाँस्दै भन्थे, "तु ना नु चढे सक बे, देखतारी गाछी केतना बडका बा र।" जिस्किने शब्द सुनेर जोशिला बच्चाहरू झन् उफ्रिँदै भन्थे, "देखसन हम चढ् के देखावतानी।" बच्चाहरूमध्येका केहीले पुनः व्यङ्ग्य प्रहार गर्दै भन्थे, "जा ना घरे सुते, कादून गाछी पर चढ् जइहन, हुँह।"

### बाललीला

जामुनको रूखनिर थुप्रै केटाकेटी थिए। एक केटाले रूखमा चढ्नुअघि चप्पल र शर्ट फुकाल्यो। पिसाब फेरेर आइरहेको छु भन्दै केही पर रहेको परालको झुप्रोतिर दगुर्‍यो। अन्य बच्चाहरूले, "हऊ देखसन भागता, बुझाता डेरा गइल, गाछी पर ना चढी," भन्दै चिढ्याउन थाले। उसले अन्य बच्चाहरूले नदेख्ने गरी शर्ट र चप्पल परालभित्र लुकाइदियो। त्यसपछि एक हातले कट्टु समातेर उफ्रिँदै फर्कियो। अन्य बच्चाहरूले भनिरहेका थिए, "जामा (शर्ट) आ चपल पुवारा में लुकाके आइल बा।" उसले थर्काउँदै भन्न थाल्यो, "किनहुँ जे चोरा लेल लोगन त बुझ लिह।" यति भन्दै रूखमा चढ्ने सुरसार गर्न थाल्यो। उफ्रेर रूखको हाँगा समात्ने प्रयत्नमा ऊ असफल भइरहेको थियो। यो दृश्य देखेर बच्चाहरूले हाँसो र ठट्टा गर्न थाले। अन्त्यमा उसले भन्यो, "ए गोडा कौनो निहुर सन ना, हम पिठ पर लात ध के डाढी पकडलेम आ चढ जाएम।" कसैले निहुरने र उसको पिठ्यूँमा खुट्टा टेकेर रूखमा चढ्ने उसको कुरामा कोही पनि तयार भइरहेका थिएनन्।

उसले रिसमा चुर भएर भन्न थाल्यो, "गाछ हिलाएम आ जामुन गिरी त सब जाने खइब लोगन, निहुरब लोगन ना ?" सधैं चराचुरुङ्गीहरूले टोकेको र भुइँमा झरेको जामुन खाने बच्चाहरूलाई सद्दे जामुन खाने मनोकाङ्क्षा व्याप्त थियो। अन्ततः एक बच्चा तयार भयो। निहुर्‍यो। चकचकेले उसको पिठ्यूँमा टेकेर रूखको हाँगा समात्यो। रूखमा चढ्यो। शुरूमा उसले हात पुगेसम्म जामुन टिप्ने र खाने काम गरिरह्यो। भुइँमा बच्चाहरूलाई हेरेर चिढ्याउँदै उसले जामुनको मज्जा लिइरहेको थियो। यता भुइँमा रहेका बच्चाहरूले भने उसले जामुन खाइरहेको देखेर कोलाहल गरिरहेका थिए। क्रन्दन गरिरहेका थिए। बच्चाहरूको क्रन्दन सुनेर उसलाई झन् मजा आइरहेको थियो। त्यसपछि बच्चाहरूले तलबाट ढुङ्गामुढा गर्न थाले। अन्ततः उसले केही मात्र रातो अर्थात् काँचो जामुन तल खसाल्यो। त्यतिले भुइँमा रहेका बच्चाहरूलाई पुगिरहेको थिएन। क्रन्दन झन् तीव्र भइरहेको थियो।

रूखमा चढेको बच्चा जामुन खाएर अघाइसकेको थियो। अब उसले हाँगा हल्लाउन थाल्यो। भुइँमा झरेको जामुन लुट्ने तथा जामा (शर्ट) वा गन्जीमा पुछ्ने र खाने क्रम चलिरहेको थियो। जामुन लुट्ने क्रममा एकअर्काको टाउको, हात र खुट्टा एकापसमा ठोक्किइरहेको थियो। जामुनको लुटाइसँगै एकापसमा भनाभन पनि नहुने कुरै थिएन। यद्यपि भुइँमा रहेका बच्चाहरूमध्ये कसैले यो हाँगा त कसैले त्यो हाँगा हल्लाऊ भन्दै कराइरहेका थिए। उसले भ्याएसम्म हाँगा हल्लाइरहेको थियो। जामुन खसिरहेको थियो। तर पाकेको, कालो र ठूला आकारका जामुन हाँगाको टुप्पोमा बढी थियो। त्यो जामुन टिप्ने उसको प्रयत्न सफल भइरहेको थिएन। तलबाट बच्चाहरूले विभिन्न तरीका बताइरहेका थिए। माथिको हाँगा हातले समातेर तलको हाँगामा बिस्तारै अगाडि बढ्न सुझाइरहेका थिए। उसले पनि प्रयास गरिरहेको थियो। अब उसले एक हातले माथिको हाँगा समातेर तलको हाँगामा बिस्तारै पाइला अघि बढाइरहेको थियो। जति अगाडि बढ्थ्यो, त्यति नै हाँगा लच्किरहेको थियो। तलबाट अलि 'अगाडि बढ्' को स्वर गुन्जित भइरहेको थियो। उसले घरी पाइला अगाडि त घरी पछाडि गरिरहेको थियो।

उसले हाँगालाई हल्लाउँदै बिस्तारै पाइला अघि बढाइरहेको थियो। हाँगाको हल्लाइले बिर्नीहरू अघिदेखि नै आक्रोशित थिए। उसले जामुनलाई टार्गेट गरिरहेको बेला बिर्नीहरूको टार्गेट बन्न पुग्यो। बिर्नीहरूले टोक्न थाले। उसले समातिरहेको हाँगाको 'चुर्रर्र' को आवाजसँगै अहिले हाँगा र बच्चा दुवै भुइँमा लडे।

ऊ चिच्याउन थाल्यो। केहीबेरअघिको क्रन्दन, मनोरञ्जन, हाँसो र ठट्टा अहिले थिएन। माहोल एकदम शान्त थियो। बच्चाहरूले उसलाई उठाउने प्रयत्न गरिरहेका थिए। उसको हात भाँचिसकेको थियो। अनुहार फुलिसकेको थियो। पीडा असह्य भइरहेको थियो। ऊ रोइरहेको थियो। कराइरहेको थियो। गाउँलेहरूले उसलाई उसको घरमा ल्याइदिए। घरमा पुग्ने बित्तिकै आमाले अँगालो हालेर म्वाइ खान थालिन्। कपाल सुम्सुम्याउँदै सोधिन्, "का भइल ह हमर करेजा ?" बच्चाले भन्यो, "माई रे जामुन के गाछ पर बिरनी कटल खिय।" जामुनको रूखबाट लडेर जिउतको छोराको हात भाँचेको कुरा गाउँभरि फैलिसकेको थियो। अहिले सबैको ध्यान बिर्नीको खील निकाल्ने र हातको उपचार कसरी र कहाँ गर्नेतर्फ केन्द्रित थियो।

बालपनका विषयमा आधारित केही व्यक्तिसँग भएको संवाद–

### परवेन्द्र प्रसाद साह, पर्सा

'कागके बच्चा भुचेङ्वा रे, एगो जामुन गिरा दे।' पटेर्वासुगौली गापा–५ मनिहर्वाका परवेन्द्रप्रसाद साहले यो भोजपुरी लोकोक्ति सुनाइरहँदा बालपन सम्झेर रोमाञ्चित मुद्रामा थिए। अशोक मिश्र र राजेश्वर मिश्रलगायतका गाउँका सहपाठीहरूसँग हावाहुरी चलेको बेला बगैंचामा गइन्थ्यो। जामुन टिप्नको लागि आफ्नो गाउँदेखि झन्डै तीन किमी टाढा देवउरिया र सुगौली कयौंपटक गएको उनको स्मरणमा ताजा छ। यता परिवारजन खोजिरहन्थे। उता हामी जामुन र आँपको खोजीमा हुन्थ्यौं। झमझम पानी परिरहेको बेला हामी जामुनको रूखमुनि बसिरहन्थ्यौं। पानी परेको बेला पोकेको कालो जामुन खूब खस्दो रहेछ। रूखमा चढ्ने साथीले आफू पाकेको कालो जामुन खान्थ्यो। भुइँमा रहेका हामीलाई रातो अर्थात् काँचो जामुन खसाउँथ्यो। कागले चुचोमा जामुन च्यापेको देखेर हामी लखेट्थ्यो। कागले जामुन छोड्देला र हामी खाउँला भन्ने बालपन थियो। 'कोवा' (पाकेको कटहर) खानको लागि साथी फजिल अहमदको गाउँ (हाल पोखरिया नपा–८) मननपुर जान्थ्यौं। रूखमा चढ्थ्यौं। टिप्थ्यौं। खान्थ्यौं। रूखबाट टिपेर खानुको त्यो आनन्दमय बालपनको सम्झना आज पुनः ताजा भयो। मनमा आनन्द महसूस भइरहेको छ।

### प्रदीप चौधरी, पर्सा

जीराभवानी गाउँपालिका–२ का प्रदीप चौधरीको अनुभवमा तीन दशकअघिको जस्तो जामुनलगायतका फलका रूखहरू अहिले पाउन मुश्किल छ। सेढवा गाउँदेखि उत्तर जङ्गलसम्म सडकको छेउमा जामुनका रूखहरू उनले प्रशस्त देखेका रहेछन्। साथीभाइहरूसँग टिपेका छन्। जामुनको अग्लो रूखको छहारीमा बटुवाहरूले आराम गर्नुका साथै ताजा जामुन पनि खान पाउँथे। हामी बालबालिकाहरूले असारको गर्मीयाममा दौडिने, उफ्रिने, पटक–पटक नुहाउने र बगैंचामा पुगेर खेल खेल्नुका साथै ताजा फल पनि खान पाउँथ्यौं। कति आनन्दमयी थियो, हाम्रो बालपन। मानौं दिनभरि हामी बालबालिकाहरू शारीरिक व्यायाम गरिरहेका हुन्थ्यौं। आमाबुबा यता खोजिरहन्थे, उता हामी साथीहरूसँग बगैंचामा हुन्थ्यौं। जामुन, अम्बा र आँप टिप्ने र खानुको त्यो क्षण वास्तवमा रोचक थियो। आज पुनः स्मरण गर्न पाइयो।

### दयानन्द साह, रौतहट

रौतहटको ईशनाथ नगरपालिका–५ महुलियाका दायानन्द साहको बालपन पनि रोचकपूर्ण छ। गाउँको पश्चिमतर्फ भारतीय सीमासँगै टाँसिएको ठूलो बगैंचा थियो। अहिले छैन। त्यो बगैंचामा जामुन, आँप, लिची र बडहरलगायतका थुप्रै प्रजातिका रूखबिरुवा थिए। जेठ र असारको महीनामा हामी बालबालिकाहरूका लागि अत्यन्तै हर्षपूर्ण समय हुन्थ्यो। जामुन र बडहरको लोभमा भात खान पनि बिर्सन्थ्यौं। शारीरिक थकान त आभास नै हुँदैनथ्यो। मेरा सहपाठीहरू मुकेश ठाकुर, दिनदयाल साह, रामनाथ पटेल, सुरेन्द्र राउत र अनवर हुसेन थिए। विद्यालयबाट छुट्टी भएपछि सीधैं घर आउँथ्यौं। खाना खाएपछि जामुन टिप्न सीमानजीकको बगैंचामा पुग्थ्यौं। अरू गाउँका हामी जस्तै थुप्रै केटाकेटी पनि आउँथे। हावाहुरीले जामुन, आँप, अम्बा खस्यो भने लुँछाचुँडी हुन्थ्यो। हामीभन्दा ठूला दाइहरू रूखमा चढ्थे। पहिला आफू पेटभरि खान्थे। भुइँबाट हामीले कराउन थालेपछि मात्र हाँगा हल्लाउँथे। बिर्नीको टोकाइले कतिपयको अनुहार हनुमान जस्तो हुन्थ्यो। ती बालपनको गराइ र भोगाइ याद आउँदा मनमनै हाँसो उठ्छ भने मन पनि गदगद हुन्छ।



परवेन्द्रप्रसाद साह, पर्सा, प्रदीप चौधरी, पर्सा, दयानन्द साह, रौतहट। तस्वीरः प्रतीक

# सर्पदंश केन्द्र जाने बाटो स्तरोन्नति

प्रस, ठोरी, ११ असार/

ठोरी गाउँपालिका–४ मा रहेको सर्पदंश उपचार केन्द्र जाने बाटोको स्तरोन्नति शुरू भएको छ।

नेपाली सेनाको पानीटङ्की गुल्ममा रहेको उपचार केन्द्र जाने बाटो खाल्डाखुल्डी परेपछि सडकको मरम्मत शुरू भएको हो।

वीरगंज–ठोरी हुलाकी सडकखण्ड अन्तर्गत पर्ने ठोरी गापा–४ को आठघरेबाट उत्तरतर्फ उपचार केन्द्र जाने मुख्य सडकको निर्माण कार्य शुरू गरिएको ठोरी गापाले जनाएको छ।

यसै महीनाभित्र निर्माण सम्पन्न हुने दुई सय मिटर पक्की ढलान सडकको शिलान्यास गापा अध्यक्ष पद्मलाल श्रेष्ठ र वडाध्यक्ष बईबहादुर तामाङले संयुक्तरूपमा गरेका थिए। प्रदेश २ सरकारको सडक निर्माण कार्यक्रम अन्तर्गतको सशर्त २० लाख अनुदानमा सडक निर्माण हुन थालेको गापा अध्यक्ष श्रेष्ठले जानकारी दिए।

कार्यक्रममा सागर लामा, नेमा तामाङ, मोहन सिञ्जाली मगर, गोपाल श्रेष्ठलगायतको सहभागिता थियो।



तस्वीरः प्रतीक

# वीरगंजका तीनवटा पसललाई जरिवाना

प्रस, वीरगंज, ११ असार/

खरीद बिल नदेखाएको र अनुगमनमा असहयोग गरेको भन्दै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंजले तीनवटा पसललाई कारबाई गरेको छ ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंजको नेतृत्वमा वीरगंज उद्योग वाणिज्य सङ्घ, जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयसमेतको टोलीले वीरगंज–१२ मा रहेको माँ दुर्गा एग्रो इन्टरप्राइजेजलाई खरीद बिल नदेखाएको कसूरमा उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३८ बमोजिम कसूर ठहर गरी सोही ऐनको दफा ३९ बमोजिम रु ५ हजार जरिवाना गरिएको उपभोक्ता संरक्षण कार्यालय वीरगंजका निमित्त प्रमुख जीतबहादुर भण्डारीले बताए ।



पसलको अनुगमन गर्दै टोली । तस्वीरः प्रतीक

यसैगरी, वीरगंज–१२ मा रहेको दुर्गा सीड सेन्टरलाई रु ५ हजार र वीरगंज–१५ मा रहेको सरस्वती ट्रेडर्सलाई रु २० हजार जरिवाना गरिएको निमित्त कार्यालय प्रमुख भण्डारीले जानकारी गराए । उनीहरूलाई सात दिनभित्र जरिवानाको रकम बैंक दाखिला गरी भौचर कार्यालयमा पेश गर्न निर्देशन दिइएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंजका सूचना अधिकारी दिलीपखड्ग खत्वेले बताए ।

# उच्च अदालतले प्रदेश सरकारलाई छलफलमा बोलायो

प्रस, जनकपुरधाम, ११ असार/

मुलुकको संविधान मुताबिक मन्त्रिपरिषद् समावेशी नबनाएको भन्दै प्रदेश २ सरकारविरुद्ध जनकपुर उच्च अदालतमा दायर रिट सम्बन्धमा छलफल गर्न उच्च अदालतले आदेश गरेको छ । उच्च अदालतका मुख्य न्यायाधीश विनोद शर्माको एकल इजलासले विपक्षीलाई असार १६ गते छलफलका लागि बोलाउने आदेश गरेको हो ।

अधिवक्ता राजकुमार महासेठले प्रदेश प्रमुख, प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार विकासमन्त्री, खानेपानी तथा ऊर्जा विकासमन्त्री र महिला, बालबालिका, युवा तथा खेलकूदमन्त्रीलाई विपक्षी बनाएर दर्ता गरेको रिट निवेदन सम्बन्धमा उच्च अदालतले छलफल गर्न असार १६ गते बोलाएको छ ।

रिट निवेदनमा गत जेठ २६ गते नियुक्त भएका तीनैजना मन्त्रीको नियुक्ति उत्प्रेषणको आदेशबाट बदर गर्न माग गरिएको छ । प्रदेश २ का मुख्यमन्त्री लालाबाबू राउत गद्दीले पूर्वराजपाका एकजना मन्त्री र तीनजना राज्यमन्त्रीलाई



तस्वीरः सौजन्य

पदमुक्त गरी काङ्ग्रेसलाई सरकारमा सहभागी गराएका थिए ।

काङ्ग्रेसबाट सरकारमा सहभागी भएका रामसरोज यादवलाई भौतिक पूर्वाधार विकास, ओमप्रकाश शर्मालाई खानेपानी तथा ऊर्जा विकास, वीरेन्द्रकुमार सिंहलाई महिला, बालबालिका, युवा तथा खेलकूद मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

# देशका अधिकांश भेगमा बदली र वर्षा

काठमाडौं, ११ असार/रासस

देशभर हाल मनसुनी वायुको प्रभावले अधिकांश भेगमा सामान्यदेखि पूर्ण बदली



तस्वीरः प्रतीक

रहनुका साथै कतिपय स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार मनसुनी वायुसँगै देशको दक्षिणी भूभागनजीक मनसुनी न्यूनचापीय रेखा रहेकाले शुक्रवार देशका अधिकांश भूभागमा बदली रही प्रदेश नं १, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको थियो ।

महाशाखाले जारी गरेको आगामी तीन दिनको मौसम पूर्वानुमान बुलेटिनमा आज देशभर सामान्यदेखि पूर्ण बदली रहनुका साथै प्रदेश नं १, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थान र बाँकी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा हुँदैछ । प्रदेश नं १ र वाग्मती प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा भएको छ । राति पनि यही मौसमी प्रणाली कायम रहने जनाइएको छ ।

भोलि शनिवार देशभर सामान्यदेखि पूर्ण बदली रही अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

प्रदेश नं १, २ र वाग्मती प्रदेशका एक/दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

# १० जना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, ११ असार/

नारायणी अस्पतालको प्रयोगशालाले शुक्रवार साँझ दशजना सङ्क्रमित पुष्टि गरेको छ ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले अस्पतालको पिसिआर प्रयोगशालामा ९६ जनाको स्वाब परीक्षण गर्दा पर्साका पाँच, बाराका चार र सर्लाहीका एक गरी दशजना सङ्क्रमित पुष्टि भएको बताए ।

उनले सङ्क्रमितमध्ये तीनजना महिला रहेको र उनीहरूको उमेर २५ देखि ७२ वर्ष र सिटी भ्याल्यू १४ देखि ३४ रहेको जानकारी गराए ।

# उपभोक्ता समितिका सदस्यद्वारा सबइन्जिनीयर कुटिए

प्रस, सप्तरी, ११ असार/

सप्तरीको खड्क नगरपालिकामा उपभोक्ता समितिका सदस्यले सब इन्जिनीयरलाई कुटपिट गरेका छन् । नगरपालिकाको वडा नं ८ मा सडकमा माटो र ग्रेभल भर्ने काम गर्न गठित उपभोक्ता समितिका सदस्य अबुल हुसैनले सबइन्जिनीयर विश्वप्रताप झामाथि कुटपिट गरेका हुन् ।

नगरपालिकाको अनुदानप्राप्त रु ३ लाख बजेटको माटो र ग्रेभल भर्ने काम लागत अनुसार नगरी बलजफ्ती मूल्याङ्कन गर्नभन्दा आफूले नमानेपछि उपभोक्ता समितिका सदस्य हुसैनले आफूलाई कुटपिट गरेको सबइन्जिनीयर झाको भनाइ छ ।

आफ्नो कोठामा बसिरहेको बेला हुसैन अन्यत्रबाट आएर तुरुन्त कामको मूल्याङ्कन गर्न भनेको र आफूले लागत अनुसार काम नभएको हुँदा मूल्याङ्कन गर्दिनँ भनेपछि हुसैनले हातपात गरेको झाले बताए । कुटपिट गर्दै मोबाइलसमेत लैजान थालेपछि मोबाइल खोसेर लिएको उनले बताए ।

यस सम्बन्धमा उपभोक्ता समितिका सदस्य हुसैनले झाको मोबाइल नियन्त्रणमा लिएको स्वीकारे । नियन्त्रणमा लिएको मोबाइल फिर्ता गरिदिएको बताउने हुसैनले हातपात भने नगरेको जिकिर गरेका छन् ।

नगरपालिकाका सबइन्जिनीयर झामाथि कुटपिट गरेको विरोधमा सो पालिकाका कर्मचारीहरू आन्दोलित भएका छन् । पीडक हुसैनमाथि कारबाई माग गर्दै कर्मचारीहरूले शुक्रवार नगरपालिकाको कामकाज अवरुद्ध गरेका थिए ।

# होटल खोल्न दिनुपर्ने माग गर्दै ज्ञापन

प्रस, परवानीपुर, ११ असार/

वीरगंजमा होटल, पार्टी प्यालेस तथा



तस्वीरः प्रतीक

रेस्टुराँ खोल्न दिन माग गर्दै स्थानीय प्रशासनलाई ज्ञापनपत्र बुझाइएको छ । होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजले पर्साका प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेलाई ज्ञापनपत्र बुझाउँदै वीरगंजका सम्पूर्ण होटल, पार्टी प्यालेस तथा रेस्टुराँ खोल्न माग गरिएको हो ।

सङ्घका अध्यक्ष हरि पन्त नेतृत्वको टोलीले गत वैशाख १६ गतेदेखि पर्सामा जारी निषेधाज्ञाले होटल व्यवसाय धराशयी बन्दै गएको र बैंकको ब्याज, घरबहाल कर, सम्पत्ति कर, कर्मचारीको तलबभत्तालगायत खर्चको दायित्व बढ्दै गएकाले व्यवसाय बर्बाद भएको बताएको थियो । गत र यस वर्षको कोरोना महामारीले गर्दा थलिएको होटल व्यवसायलाई ऊर्जा दिन आगामी दिनमा स्वास्थ्य मापदण्ड पालना गरी होटल व्यवसायलाई सञ्चालनमा नल्याए यो व्यवसाय चौपट बन्ने भएकोले असार १३ गतेपछि होटल खोल्न स्थानीय प्रशासनले अनुमति दिनुपर्ने माग गरिएको छ ।

ज्ञापनपत्र बुझाउने टोलीमा सङ्घका वरिष्ठ उपाध्यक्ष रचेन्द्रसिंह थापा, महासचिव माधव बस्नेतलगायतको सहभागिता थियो । वीरगंजमा चार तारे लर्ड्स दियालो प्लाजा, तीन तारे होटल भिस्वा, दुई तारे मकालु, पूजन, कन्ट्री इन, क्लासिक, कुमु, हीरा प्लाजा, सम्झनालगायत गरी करीब ७० वटा होटल छन् ।

# सांसद यादवद्वारा कम्प्युटर प्रदान

प्रस, परवानीपुर, ११ असार/

प्रदेश २ की जसपाबाट समानुपातिक



तस्वीरः प्रतीक

प्रदेशसभा सदस्य भीमा यादवले ५ लाख मूल्यको कम्प्युटर सेट सहयोग गरेकी छन् ।

वीरगंज–३० लालपर्सामा रहेको नमूना सामुदायिक सिकाइ केन्द्रलाई उनले ५ लाख मूल्यबराबरको ५ थान डेक्सटप, २ थान ल्यापटप, १ थान प्रिन्टर हस्तान्तरण गरेकी हुन् । सांसद यादवले ग्रामीण भेगका महिलालाई गाउँमैं कम्प्युटर कक्षा निशुल्करूपमा सिक्न उक्त सामग्री केन्द्रलाई प्रदान गरेको केन्द्रका अध्यक्ष मनोजकुमार यादवले जानकारी गराए ।

केन्द्रको सहयोगमा सञ्चालन हुने निशुल्क कम्प्युटर कक्षाका लागि एकजना कर्मचारी राखेर कक्षा शुभारम्भ गर्ने तयारी भइरहेको केन्द्रले जनाएको छ ।




# जबरजस्ती गर्न खोज्ने युवक पक्राउ

प्रस, वीरगंज, ११ असार/

पर्सा प्रहरीले एकजना महिलालाई जबरजस्ती करणी गरेको आरोपमा एकजना युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पर्सा, पटेर्वासुगौली गाउँपालिका–१ बस्ने २५ वर्षीय सुरेन्द्र भन्ने अब्दुल्लाह अन्सारी रहेका छन् ।

उनले गत सोमवार राति करीब १२ बजे सोही स्थानकी २० वर्षीया महिलाको घरमा प्रवेश गरी जबरजस्ती गर्ने प्रयास गरेका थिए । सुत्ने कोठामा झ्यालबाट प्रवेश गरेका निजलाई महिलाले हल्ला गरेपछि पक्राउ गरी प्रहरीलाई बुझाइएको थियो ।

पीडित महिलाले जाहेरी दिएपछि अन्सारीमाथि जबरजस्ती करणी उद्योगमा मुद्दा दायर गरी पाँच दिनको




तस्वीर सौजन्यः जिप्रका, पर्सा

म्याद थप गरी थप अनुसन्धान भइरहेको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए ।

# मोटरसाइकल चोर्ने दुईजना पक्राउ

प्रस, परवानीपुर, ११ असार/

पर्सा प्रहरीले दुईजनालाई मोटरसाइकल चोरीको आरोपमा पक्राउ गरेको छ । पक्राउ पर्नेमा बारा, परवानीपुर गाउँपालिका–२ बस्ने २६ वर्षीय दीपककुमार यादव र पर्सा, कालिकामाई गापा–३ बस्ने २२ वर्षीय सागर पटेल रहेका छन् । दुवैजनालाई प्रहरी चौकी परवानीपुरको सहयोगमा बुधवार राति ७ बजे पक्राउ गरिएको थियो ।

वीरगंज–१८ भवानीपुरका मनोजकुमार जैसवालले वीरगंज–१३ राधेमाईस्थित सडकछेउमा पार्किङ गरिराखेको ना.४०प ४२०३ नम्बरको मोटरसाइकल चोरी गरेको केही घण्टामैं चोरहरूलाई पक्राउ गरिएको थियो ।

परवानीपुरबाट सुक्खा बन्दरगाहतर्फ जाँदै गरेको अवस्थामा उनीहरूलाई मोटरसाइकलसहित नियन्त्रणमा लिई चोरी मुद्दामा पाँच दिनको म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए ।